बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
२०७३
कोशी प्रदेश, नेपाल

## आ.व. २०८१/०८२ को लागि नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् संकलन तथा विक्री कर उठाउने सम्वन्धी (बढाबढ) बोलपत्र आव्हानको सूचना।

**प्रथम पटक प्रकाशित मितिः २०८०।०९।०५**

यस नगरपालिकाको कार्यालयबाट नेपालको संविधान, २०७२ को अनुसूची-८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(घ) को (६) र दफा ६४ को उपदफा १ (च) र बेलका नगरपालिका, नगर कार्यपालिकाको निर्णय बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भित्रका तपसिलमा उल्लेखित नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी नगरपालिकाले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं. | बोलपत्र नं. | बोलपत्रको नाम | दुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् परिमाण (घ.मी.) | | | न्यूनतम बोलपत्र रकम (मू.अ.कर बाहेक) (रू.) | धरौटी रकम (रु.) | बोलपत्र दस्तुर (रू.) |
|---|---|---|---|---|---|---|---|---|
| | | | दुङ्गा | गिट्टी | बालुवा | | | |
| १. | 06/BELAKA/REVENUE/SQ/GO/2081-082 | मैनी खोला (वडा नं. ५), कटारी खोला (वडा नं. ४) र सेती खोला (वडा नं. ८) क्षेत्रबाट दिगो रुपमा दुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् | १७५ | ४६७५ | | १३७०४१६ | कबोल अंकको (मू.अ.कर बाहेक) ५ प्रतिशत | १०००.०० |

**शर्तहरुः**

१. प्रथम पटक सुचना प्रकाशित भएको मितिले १६ औं दिन (कार्यालय समयसम्ममा) उल्लेखित बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) वुझाएको नगदी रसिद वा कुमारी बैंक स्थित Belaka Na.Pa- Antarik Rajashwa Khata Ga 1.1 खाता नं. ०७७००४०२७४२००००७ मा नगद जम्मा गरेको सक्कल भौचर साथ उल्लेखित कागजातहरु संलगन गरी इच्छुक फर्म/कम्पनी वा निजको आधिकारीक प्रतिनिधिले यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सक्नेछ ।

Website: www.belakamun.gov.np E-mail: belakamun@gmail.com
Contact no. 977-035-430111, 430113, 9852835479

२. उल्लेखित न्यूनतम बोलपत्र रकममा १३% मू.अ.कर लाग्नेछ।

३. बोलपत्र फारामसाथ उल्लेखित जमानत/धरौटी रकम यस कार्यालयको कुमारी बैंक लि. बेलका शाखा स्थित Belaka Na. Pa- Dharauti Khata Ga-3 खाता नं. ०७७००४०२७४२००००४ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईनेछैन। उक्त बैंक जमानत वा नगद धरौटी रकम नियमानुसार फिर्ता गरिनेछ।

४. खरीद भएका बोलपत्रहरुको प्रत्येक पानामा सही छाप र खाममा सिलबन्दी गरी खाम वाहिर फर्म वा कम्पनीको नाम, ठेगाना र ठेक्काको नाम, नम्बर लेखी सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरी पेश गर्नुपर्नेछ।

५. दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु दर्ता गर्ने अन्तिम दिनको १:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहोवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन।

६. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तोकिएको समयमा नै उक्त क्रियाकलाप संचालन गरीने छ।

७. बोलपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रस्टसंग उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

८. बोलपत्र स्वीकृत भएपछि सोको सूचना पाएको मितिले १५ दिनभित्र सम्बन्धित वोलपत्रदाता फर्म वा कम्पनीले नियमानुसार प्रक्रिया पुरा गरी सम्झौता गर्न आउनुपर्नेछ। सो अवधिभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ र उक्त कारणबाट दोश्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आव्हान गर्ने अधिकार नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ।

९. बोलपत्रदाताले आफूले कबोल गरेको एकमुष्ठ रकम बुझाउन चाहेमा कबोल रकमको १० प्रतिशत रकम छुट दिईनेछ।यदि एकमुष्ठ रकम नबुझाएमा कवोल गरेको कूल रकम (मु.अ. कर समेत जोडी) दुई किस्तामा बुझाउनु पर्नेछ। पहिलो किस्ता आफूले कबोल गरेको अंकको ६० प्रतिशत रकम सम्झौता गर्ने समयमा, बाँकी ४० प्रतिशत रकम अन्तिम किस्ता (मिति २०८२ बैशाख मसान्तभित्र) बुझाउनु पर्नेछ।

१०. सम्झौता गर्दा पहिलो किस्ता वापतको ६० प्रतिशत बुझाई बाँकी ४० प्रतिशत रकमको २०८२ असार मसान्तसम्म अवधि भएको यस कार्यालयको नाममा राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता बमोजिम स्थायी चलनपूर्जी दिईनेछ ।

११. कुनैपनि शर्त राखी पेश गरेको, आवश्यक काजजात संलग्न नगरी हुलाक मार्फत पठाएको, म्याद नाघी आएको र रित नपुगेको वोलपत्र उपर कुनै कारवाही गरिनेछैन।

१२. यस नगरपालिकाका नदीजन्य पदार्थहरु उत्खनन्, संकलन, विक्री तथा निकासी गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४, वातावरण संरक्षण ऐन, २०७६, वन ऐन, २०७६, ढुङ्गा, गिट्टी, बालुवा, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, चुरे संरक्षण क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्ड,२०७७ तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन तथा राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिबाट प्राप्त सहमति पत्र यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

१३. कर⁄शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टाछुट्टै ३⁄३ प्रति रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्ने र प्रयोग भैसकेका ठेलीहरु प्रत्येक महिना व्यतित भएको ७ दिन भित्रमा कार्यालयमा बुझाउनुपर्नेछ।

१४. ठेक्काका सम्बन्धमा कुनै किसिमको विवादको स्थिती स्वीकार्य हुने छैन। कुनै किसिमको विवादको स्थिति सिर्जना भएमा वा यस कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा नगर कार्यपालिकाको निर्णय तथा प्रचलित कानूनको परिधिभित्र रही बेलका नगरपालिकाको कार्यालय रामपुर, उदयपुरले आवश्क निर्णय लिनेछ।

१५. सम्मानित अदालत, नेपाल सरकार, बेलका नगरपालिकाको नीति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागू गर्नु ठेकेदारको कर्तव्य एवम् दायित्व हुनेछ। नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति हानि-नोक्सानी हुन गएमा सोको क्षतिपूर्तिको दाबी ठेकेदारले बेलका नगरपालिकासँग गर्न पाउने छैन।

१६. यस कार्यालयको छाप र कार्यालयबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिईनेछैन।

१७. बन्द, हडताल, चक्काजाम, निषेधाज्ञा वा अन्य कुनै कारण देखाई मिनाहा माँग भएमा मिनाहा दिईने छैन।

१८. ठेक्का अवधि नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन्, संकलन तथा विक्री गर्न चलन पुर्जी पाएको भोलीपल्ट देखि २०८२ जेष्ठ मसान्तसम्म मात्र हुनेछ। सो मिति अगावै सम्झौता भएको परिमाण पुरा भएमा संकलन तथा विक्री कार्य बन्द गरिनेछ।

१९. नदीजन्य पदार्थ उत्खनन्, संकलन गरी विक्री गरेको परिमाण प्रत्येक महिना व्यतित भएको ७ दिन भित्र ठेकेदारले अनिवार्य रुपमा बेलका नगरपालिकामा पेश गर्नुपर्नेछ।

२०. नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्री शुल्क कार्यालयद्धारा तोकिएको उत्खनन् स्थल वा तोकेको संकलन केन्द्रबाट प्रदेश सरकार कोशी प्रदेशले जारी गरेको "कोशी प्रदेश आर्थिक अध्यादेश, २०८१" ले तोकेको दरमा उठाउनु पर्नेछ।

प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

२१. राष्ट्रपति चुरे –तराई मधेश संरक्षण विकास समितिको स्वीकृत परिमाणको प्रतिवेदन अनुसार संझौता गरिनेछ ।

२२. सूचनामा उल्लेखीत परिमाण भन्दा बढी नदीजन्य पदार्थ ठेकेदारले उत्खनन् गरी विक्री वितरण गर्न पाउने छैन।

२३. विस्तृत थप जानकारीका लागि बेलका नगरपालिका रामपुर, उदयपुरको इमेल belakamun@gmail.com मार्फत वा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

२४. यसमा उल्लेख भएका विषयहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका विषयहरुमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलति कानून बमोजिम हुनेछ।

पुरुषोत्तम घिमिरे

प्रमुख प्रशासकीय अधिकृत